गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

प्रतिलिपि प्रमाणित
२०८१।५।९

## बैठक संख्याः २, मितिः २०७९ भाद्र ५

### निर्णयहरु

प्रस्ताव नं. १ : बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।
निर्णयः अघिल्लो बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

प्रस्ताव नं. २: Land field Site निर्माणका लागि IEE/DPR निर्माण ।

निर्णयः वडा नं ६ मा निर्माणाधिन रहेको Land field Site निर्माण पालिकाको साझेदारी रकम थप गर्ने र IEE/DPR गरी निर्माण कार्य अघि बढाउने ।

प्रस्ताव नं. ३ : चालु आ.ब.का कार्यक्रमहरुको (वडाको रणनैतिक सडक) कार्यान्वयन ।

निर्णयः चालु आ.ब.का कार्यक्रमहरुको (वडाको रणनैतिक सडक) को सम्बन्धित वडा अध्यक्ष ज्यू सँग समन्वय गरी कार्यान्वयन गर्ने ।ग्रावेल गर्दा रोलिंग अनिवार्य गर्ने ।

प्रस्ताव नं. ४ :म्याद समाप्त भएका बोलपत्र (खरिद सम्झौता) को म्याद थप ।

- डुम्रे अर्चले सडक
- भिमढुगां लामीडाँडा सडक
- नमुना बहुमुखी क्याम्पस घेराबार

निर्णयः माथि उल्लेखित योजनाहरुमा बजेट व्यवस्था नभएको र गत आ व मा निर्माण कार्य सम्पन्न समेत नभएकाले उक्त योजनाको खरिद सम्झौताको म्याद समाप्त भईसकेकाले सार्वजनिक खरिद ऐन, २०६३ र तत् सम्बन्धि नियमावली, २०६४ अनुरुप रद्द गर्ने ।

प्रस्ताव नं. ५ :कृषि तथा पशु उद्यमशिलता साझेदारी कार्यक्रमको बजेट स्वीकृत ।
निर्णयः कृषि तथा पशु उद्यमशिलता साझेदारी कार्यक्रमको हेफर नेपाल सँग चालु आ व मा सम्झौता नविकरण नगर्ने ।

प्रस्ताव नं. ६ : डिभिजन वन कार्यालयलाई वडा नं. ४ मा र ट्रमा सेन्टर स्थापनाको लागि जग्गा उपलब्ध ।

निर्णयः डिभिजन वन कार्यालयको अनुरोध अनुसार अम्लेश्वर मन्दिरमा रहेको वन कार्यालयको कार्यालयलाई भवन निर्माणका लागि आवश्यक पर्ने २ रोपनी जग्गा र

लक्ष्मीप्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

नयाँ सहर आयोजनाले यस क्षेत्रमा निर्माण गर्ने ५० सैयाको ट्रमा सेन्टर स्थापनाको लागि आवश्यक १५ रोपनी जग्गा वडा नं. ४ को कि नं ९० बाट उपयुक्त स्थानमा उपलब्ध गराउने ।

प्रस्ताव नं. ७: सेवा करार कर्मचारीको म्याद थप ।

निर्णयः यस कार्यालयमा कार्यरत विभिन्न सेवा समुहमा कार्यरत सेवा करार कर्मचारीको मिति २०७९ कार्तिक मसान्त सम्म म्याद थप गर्ने ।

प्रस्ताव नं. ८: स्थानीय निर्माण सामाग्रीको दररेट निर्धारण र दररेट विश्लेशण स्वीकृत ।

निर्णयः जिल्ला दररेट निर्धारण समिति बाट स्वीकृत यस आ व को जिल्ला दररेट अनुसार तयार भएको दररेट विश्लेशण स्वीकृत गर्ने । स्थानीय निर्माण सामग्रीहरु बालुवा प्रति घनमिटर रु. १६००/, ढुङ्गा प्रति घनमिटर रु. १३००/, ग्रावेल प्रति घनमिटर रु. ६००/ कायम गर्ने ।

प्रस्ताव नं. ९ : एक्साभेक्टर र जे सि भि मेशिनको भाडा दर पुनरावलोकन।

निर्णयः एक्साभेक्टर मेशिनको भाडा दर प्रति घण्टा रु. ५०००/ र जे सि भि को प्रति घण्टा रु. २८००/ कायम गर्ने ।

प्रस्ताव नं. १० : वडा नं ४ को रणकालिका मन्दिर आसपास विघुतिकरण ।

निर्णय : वडा नं ४ को रणकालिका मन्दिर आसपास विघुतिकरण गर्ने गत आ व को खर्च नभएको रकम रु. १५ लाख चालु आ व मा विघुतिकरण कार्य गर्ने ।

प्रस्ताव नं. ११ : वडा नं २ र ८ को लिफ्टिङ खानेपानी मोटर ।

निर्णय : वडा नं २ र ८ को लिफ्टिङ खानेपानीको विग्रेको मोटर प्राविधिक इस्टिमेट अनुसार खानेपानी सम्बन्धि शिर्षकबाट खरिद गर्ने ।

प्रस्ताव नं. १२ : वडा नं ८ निवासी क्यान्सर पीडित प्रकाश रिजाललाई आर्थिक सहयोग ।

निर्णय : वडा नं ८ निवासी क्यान्सर पीडित प्रकाश रिजाललाई रु. ५० हजार आर्थिक सहयोग गर्ने ।

लक्ष्मीप्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत